नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
(जनशक्ति विकास तथा स्थानीय निकाय कर्मचारी अभिलेख शाखा)
फोन { ४२००३०९ ४२००२८१

पत्र संख्याः- ०७२/७३
चलानी नं.:- ३४२

मितिः २०७२।१०।१९

विषयः **वैदेशिक अध्ययन/तालीम छात्रवृति सम्बन्धी सूचना ।**

सामान्य प्रशासन मन्त्रालय, जनशक्ति विकास शाखाको प.सं. २७४/२०७२/७३, च.नं. २४७, मिति २०७२/१०/१७ को संलग्न पत्रबाट Embassy of the Arab Republica of Egypt अन्तर्गत इजिप्टमा आयोजना हुने आयोजना गरिने देहाय अनुसारको तालिम कार्यक्रममा सहभागी हुन मनोनयन गरी पठाउन लेखी आएको हुँदा यस मन्त्रालय र अन्तर्गत कार्यरत इच्छुक निजामती कर्मचारीहरूले मिति २०७२ फाल्गुण मसान्त भित्र **सम्बन्धित कार्यालयको सिफारिस पत्र, कर्मचारी संकेत नं. तथा सम्पर्क नम्बर** समेत अनिवार्य उल्लेख गरी निवेदन पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस शाखाको इमेल *hrdinmofald@gmail.com* मा समेत पनि निवेदन पेश गर्न सकिनेछ ।

| सि. नं. | अध्ययन/तालीमको विवरण | सिट संख्या | अध्ययन /तालिम | अवधि | फाराम पुग्नुपर्ने अन्तिम म्याद | कै. |
|---|---|---|---|---|---|---|
| 1 | • Project Analysis | * | Training | 16 Jan-30 March, 2017 | 16 July 2016 | |

आवश्यक योग्यता:

*Candidates must be graduate (B.Sc) of Agriculture Faculty or Institute,
* Minimum of 3 years of Working Experience in the Subject.
* Age limit below 45 years

..................

(दीपक ढकाल)
शाखा अधिकृत

नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

## (जनशक्ति विकास शाखा)

प.सं.: २७४/२०७२/७३ चलानी संख्या: २८७

मितिः २०७२।१०।१७

**विषय:- वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन सम्वन्धमा ।**

**श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार, काठमाडौं ।**

**श्री कृषि विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।** (प.सं.-क.प्र.(छात्रावृत्ति)०७२/७३ च.नं. ६४६ को पत्रानुसार)

**श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।**

Embassy of the Arab Republica of Egypt अन्तर्गत इजिप्टमा आयोजना हुने देहायका अध्ययन/ तालीम/ सेमिनार कार्यक्रममा भाग लिन तहाँबाट मनोनयन गर्ने गरी पठाउन निजामती सेवा ऐन, २०४९ (संसोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको मिति २०७२/१०/०५ मा बसेको २७४ औं वैठकमा निर्णय भएको हुदाँ मनोनयनको जानकारी अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयनको विवरण यस शाखामा अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन गरी सम्बन्धित सँस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा जानकारी गराईन्छ ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, अपाङ्ग, पिछडिएको क्षेत्र, हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका) समेतका आधारमा मनोनयन गर्नु हुन अनुरोध गरिन्छ ।

**तपसिल**

| सि.नं | अध्ययन/ तालिमको विवरण | माग भएको सिट संख्या | अध्ययन/ तालीम | अवधि/ स्थान | फारम सम्बन्धित सँस्थामा पुग्नु पर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | Project Analysis | Total 25 candidates from all countries | Training | 16 Jan-30 March, 2017/ Egypt | 16 July, 2016 | |

**बोधार्थ**

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, बै.स.स. शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अ.आ.स.स. महाशाखा, सिहंदरबार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

(विशाल सापकोटा)
शाखा अधिकृत